**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार ६ गते शुक्रबार ❑ 20 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## सामाजिक संजाललाई ब्यबस्थित र नियमन गर्न सके संचार क्षेत्र बलियो बनाउन सकिन्छ : मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

नेपाल सरकारका सूचना संचार तथा प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङले सामाजिक संजाललाई ब्यबस्थित र नियमन गर्न सके संचार क्षेत्र बलियो बनाउन सकिने बताउनु भएको छ।

नेपाल पत्रकार महासंघले विहिबार पोखरामा आयोजना गरेको सामाजिक सुरक्षा कोषमा बृहत आवद्धता सम्बन्धि पत्रकारसंग संवाद कार्यशालामा सम्बोधन गर्दै सामाजिक संजालले समाजमा धेरै नकरात्मक सन्देश प्रवाह गरेकोले त्यसको नियमन र अनुगमन गर्न सके संचार क्षेत्र नै बलियो हुने बताउनु भएको हो।

अर्बौ बिज्ञापन शाल सामाजिक संजालमा गएकोले यसको नियमन गर्न सके उक्त रकम संचार माध्यममा आउने उहाँको भनाई थियो। कुनै विचार राखेको भरमा नेपाल सरकार र




जुन सुकै दलले बिरोध गर्न नहुने जनाउदै उहाँले पत्रकारले सत्य र तथ्यका आधारमा समाचार प्रकाशन तथा प्रशारण गरणन आग्रह गर्नु भयो । पत्रकारको पेशागत सुरक्षाको लागि सरकारले सहयोग गर्ने मन्त्री गुरूङले जनाउनु भयो।

आम संचार विधेयक ड्राफ गर्दै विभिन्न संघ संस्थासंग छलफलकै क्रममा रहेको उहाको भनाई थियो । प्रेस जगतलाई मर्यादित बनाउन मन्त्री गुरूङले आग्रह गर्दै मिडिया मैत्री मिडिया विधेयक ल्याउने उल्लेख गर्नुभयो। पत्रकारहरूलाई अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा लैजान सुझाव लिनु भयो। सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले रोजगार दाताले समयमै कर्मचारीलाई सामाजिक सुरक्षाकोषमा नलगे भइ परि आउने जोखिम रोजगारदाताले नै लिनु पर्ने बताउनु भयो। जति धेरै सहभागी उतिनै दिगोपन हुने उहाँको भनाई छ । सामाजिक सुरक्षा कोषमा हालसम्म २३ लाख १४ हजार जना आबद्ध भएको कार्यकारी निर्देशक अधिकारीले उल्लेख गर्नु भयो। उक्त कोषमा १ खर्ब २० अर्ब रकम संकलन भई १५ अर्ब २० करोड रुपैया भने दाबी भुक्तानी गरिएको उहाँले बताउनु भयो। १ सय १५ वटा पालिकामा सम्झौता भएको कोषले जनाएको छ।

गण्डकी प्रदेशका प्रेस रजिस्टार बिमला भण्डारीले पत्रकार हकहितको लागि सामाजिक सुरक्षा कोषमा आबद्ध हुने मिडियालाई प्रोत्साहन गर्ने बताउनु भयो । सामाजिक सुरक्षा कोषका उप कार्यकारी निर्देशक कृष्णराज नेपाल, निर्देशक उत्तमराज नेपालले सामाजिक सुरक्षा कोष सम्बन्धि सहजीकरण गर्नु भएको थियो । पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, जिल्ला अध्यक्ष माधव बराल लगायले वोल्नु भएको थियो।

## पोखराको अति नै संवेदनशील क्षेत्रमै नेपाल प्रहरीको पेट्रोल पम्प

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

पर्यटनको राजधानी पोखराको प्रमुख प्रशासनिक केन्द्र एवं नेपाल राष्ट्र बैंक भएको अति नै संवेदनशील क्षेत्र नजिकै अतिनै प्रज्वलनशिल पदार्थ पेट्रोलियम पदार्थको बिक्री वितरण हुने भएको छ।

स्थानियको बिरोधको बाबजुत जिल्ला प्रशासन कार्यालय कास्कीसंगै जोडिएको शहिदचोकमा अबको केही साता पछि नेपाल प्रहरीको पेट्रोलपम्प अति सम्बेदनशिल क्षेत्रमा निर्बाद रुपमा संचालनमा आउने तयारी भएको श्रोतको भनाई छ। प्रदेशिक प्रहरी कार्यालय गण्डकीका प्रमुख प्रहरी नायव महानिरिक्षक(डिआईजी) दिनेशकुमार आचार्यले अबको करिब डेढ महिनामा पोखरामा उक्त पेट्रोलपम्प संचालनमा आउने गरी निर्माण कार्य हाल तिब्र पारिएको बताउनु भयो। गत वैशाख महिनाको अन्तिम साता सरुवा भई प्रदेशिक प्रहरी कार्यालय गण्डकी (पोखरा) मा उहाँ आउनु भएको हो । त्यसैगरी जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रा देवि शर्मा समेत केही साता अघि कास्कीमा सरुवा भई आउनु भएकोले यस बिषयमा



जिज्ञासा राख्न पोखरापत्रलाई उपयुक्त लागेन्।

सरकारी कार्यालयहरु भएको स्थानमा प्रहरीले पेट्रोल पम्प बनाउन लागेपछि नागरिक समाज सहित स्थानीयले विरोध गर्दै आएका थिए । नागरिक समाज पोखराको तर्फबाट असोज ८ मा परेको रिटमा गएको असोज १० गते प्रारम्भिक सुनुवाइ गर्दै न्यायाधीश राजुकुमार खतिवडाको इजलासले विपक्षीका नाममा कारण देखाउ आदेश जारी गरेको थियो। साबिकको अञ्चल प्रहरी कार्यालय रहेको स्थानमा नेपाल प्रहरीले पेट्रोल पम्प बनाएको हो । पोखराका नागरिक अगुवा रामबहादुर पौडेल लगायतले प्रदेश प्रहरी कार्यालय लगायतका सरकारी कार्यालयलाई विपक्षी बनाएर रिट दायर गरेका थिए। सरकारी कार्यालयहरु रहेको संवेदनशील ठाउँमा अति प्रज्वलनशील पदार्थको भण्डारण र बिक्रि वितरण गर्न नहुने जिकिर गर्दै रिट दायर गरेका थिए।एनसी/अल्फा–हेक्स/तेजस्वी जे.भि.पोखरी चौरी–३, काभ्रे ठेकेदार कम्पनीले २०८२ असार २० गते उक्त पेट्रोल पम्प सहितको भौतिक संरचना निर्माण गर्ने गरी नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा, नक्साल काठमाण्डौंसंग गत असार २१ गते सम्झौता गरेको हो । उक्त परियोजनाको लागत भने कर समेत गर्दा ९ करोड ९६ लाख ६५ हजार ७ सय २९ रुपैया रहेको छ। आम जनताको आवातजावात हुने प्रशासन कार्यालयसंगै र राष्ट्र बैंकसंगै उक्त अति प्रज्वलनशिल पदार्थ पेट्रोल पम्प कुनै पनि हालतमा राख्न नहुने नागरिक समाज पोखराका अगुवा राम बहादुर पौडेलले बताउदै आउनु भएको थियो।

## पोखराको सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सेवाग्राहीको चाप

**–राम थापा**
गण्डकी, ५ असार/रासस

स्वास्थ्य बिमाका लागि प्रथम सेवा विन्दुका रूपमा रहेको पोखरा महानगरपालिका–८ नयाँ बजार स्थित सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सेवाग्राहीको थेगिनसक्नु भीड लाग्ने गरेको छ।

स्वास्थ्य बिमा गरेका अधिकांश बिरामी उक्त केन्द्रबाट 'रिफर' लिएर थप उपचारका लागि पोखराका ठूला अस्पतालमा जाने गरेका छन् । पछिल्लो समय अस्पतालले १५ दिनका लागि मात्र औषधि दिन थालेपछि केन्द्रमा 'रिफर' लिन आउने बिरामीको सङ्ख्या झन् बढेको केन्द्रका प्रमुख कुशमराज सुवेदीले बताउनुभयो । "उपचारभन्दापनि रिफर लिन आउने बढी हुँदा केन्द्रमा चाप बढेको छ, न्यून पूर्वाधार र जनशक्तिबाट सेवा दिनै कठिन भइरहेको छ", उहाँले भन्नुभयो, "दैनिक दुई सयभन्दा बढी सेवाग्राही केन्द्रमा आउनुहुन्छ, कुपन लिन बिहान ७ बजेदेखि नै लाम लाग्छ ।" कुपन बन्द नगर्ने हो भने दिनमै साढे तीन सय जति सेवाग्राही केन्द्रमा आउने प्रमुख सुवेदीले बताउनुभयो।



सेवाग्राहीको चापअनुसार केन्द्रमा आठ जना मेडिकल अधिकृतसहितका जनशक्ति चाहिने उहाँको भनाइ छ। अहिले तीन जना मेडिकल अधिकृतले त्यहाँ सेवा दिइरहेका छन् । एकैसाथ सेवाग्राहीको भीड हुँदा व्यवस्थापनमा समेत कठिनाइ उत्पन्न भइरहेको प्रमुख सुवेदीको भनाइ छ । "जनशक्ति थपेर दुई सिफ्टमा सेवा दिने हो भने सेवाग्राहीको भीडलाई व्यवस्थापन गर्न सकिन्छ, नभए अहिलेकै अवस्थामा सेवा दिन कठिन भइसकेको छ", उहाँले भन्नुभयो, "फर्मासिस्ट, कम्प्युटर अपरेटरलगायत जनशक्तिको अभावले पनि चुनौती थपिएको छ ।" पूर्वाधार र व्यवस्थापन अभावमा लामो समयदेखि अस्तव्यस्त बनेको उक्त केन्द्रलाई केही व्यवस्थित गर्ने प्रयास गरिए पनि सेवाग्राहीको चापका कारण त्यो प्रयाप्त नभएको प्रमुख सुवेदीले बताउनुभयो । केही महिनायता केन्द्रको आन्तरिक सुधार र सेवा विस्तारका काम गरिएको उहाँको भनाइ छ। पुरानो भवन मर्मतसम्भारसहित आवश्यक संरचना थपेर नयाँ व्यवस्थापनका साथ सेवा दिन सुरु गरिएको उहाँले बताउनुभयो। महानगरपालिकाको स्वास्थ्य महाशाखाअन्तर्गत विसं २०७५ पुसमा स्थापना भएको उक्त केन्द्रमा जनशक्ति र उपकरणको अभाव रहँदै आएको थियो । यसअघि प्रयोगशाला र भान्छा एउटै कोठाबाट सञ्चालन हुँदै आएकामा अहिले त्यसलाई छुट्टाछुट्टै कोठाबाट सञ्चालन गरिएको छ। महानगरअन्तर्गतका स्वास्थ्य संस्थामध्ये सबैभन्दा बढी बिरामी आउने उक्त केन्द्रलाई सुविधासम्पन्न बनाउन पहल भइरहेको महानगरपालिकाको स्वास्थ्य महाशाखाले जनाएको छ । भौतिक पूर्वाधारसहित जनशक्ति र स्रोतको व्यवस्थापन गर्न सकेमा यो केन्द्रलाई पोखरा महानगरपालिकाकै सुविधासम्पन्न स्वास्थ्य संस्था बनाउने सकिने सम्भावना देखिन्छ । केन्द्रले पछिल्लो समय प्रयोगशाला परीक्षणको रिपोट अनलाइन प्रणालीबाट घरमै हेर्न सकिने सुविधा दिएको छ। बहिरङ्ग सेवा, मनोसामाजिक परामर्शलगायत सेवालाई थप व्यवस्थित बनाउन पहल अगाडि बढाइएको छ। पहिले दमकलको कार्यालय रहेको पुरानो भवनबाट केन्द्र सञ्चालित छ । केही


बाँकी अन्तिम पृष्ठमा ▶▶


## तनहुँका विपन्नले पाए आवास

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ असार

जिल्लाको म्याग्दे गाउँपालिकाले ४८ जना विपन्न परिवारलाई आवास निर्माण गरी हस्तान्तरण गरेको छ। आर्थिक अवस्था कमजोर भएका वर्गलाई नमूना आवास कार्यक्रमअन्तर्गत निर्माण गरिएको आवास संयुक्त रूपमा प्रदान गरिएको हो।

दश वर्षसम्म बेच्न, भाडामा लगाउन र धितो राख्न नपाउने प्रावधानसहित घर हस्तान्तरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। "विपन्न नागरिक घरविहीन नहुन् भनेर सम्बन्धित वडाको सिफारिसका आधारमा घर निर्माण गरी संयुक्त रूपमा प्रमाणपत्र प्रदान गरिसकिएको छ", उहाँले भन्नुभयो। आर्थिक वर्ष २०८०/८१ मा २५ घरका लागि रु आठ लाख र आव २०८१/८२ मा २३ घरलाई


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१


## नेपालमा एमसिसी निरन्तर रहने

**रासस**
काठमाडौं, ५ असार

संयुक्त राज्(य अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) नेपालमा निरन्तर रहने भएको छ।

गत फेब्रुअरीमा अमेरिकी विदेशमन्त्रीले वैदेशिक सहायतासम्बन्धी समीक्षा चलिरहेकै बेला लागू गरिएको ९० दिने रोकमा एमसिसी नेपाल कम्प्याक्टका लागि विशेष अपवाद प्रदान गर्दै एमसिसीको निरन्तर कार्यान्वयनलाई स्वीकृति दिनुभएको थियो। यस अपवादले एमसिसी नेपाल कम्प्याक्टको कार्यान्वयनलाई समीक्षा अवधिमा पनि निरन्तर अगाडि बढाउन स्वीकृत प्रदान गरेको यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ । एमसिसी र नेपालस्थित अमेरिकी दूतावास सरोकारवालासँग सहकार्य तथा संवाद गर्दै यस समीक्षाको सकारात्मक परिणामका लागि प्रयत्नरत रहेको दूतावासद्वारा आज जारी विज्ञप्तिमा उल्लेख छ । एमसिसीले नेपाल सरकारको अर्थ मन्त्रालय र एमसिए-नेपालसँग निकट सहकार्य गर्दै कम्प्याक्टअन्तर्गत गरिएका वा सुरु गर्न लागिएका गतिविधि (सम्भावित नयाँ प्रतिबद्धतासहित) अमेरिका र नेपाल सरकारका प्राथमिकतासँग मेल खाने, पारदर्शिता, सुशासन, प्रभावकारी कार्यान्वयन र जोखिम व्यवस्थापन सुनिश्चित गर्ने गरी अगाडि बढाइरहेको जनाएको छ। अमेरिका नेपालसँगको द्विपक्षीय सम्बन्ध र नेपाली जनताको समृद्धि तथा दीर्घकालीन आर्थिक वृद्धि प्रवर्द्धन गर्ने प्रयासप्रति प्रतिबद्ध रहेको दूतावासले जनाएको छ।

# भीरकोटका महिलालाई उद्यमशीलतामा जोड्न कृषि विकास परियोजान

पोखरापत्र संवाददाता
स्याङ्जा, ५ असार

स्याङ्जाको भीरकोटमा 'कृषि तथा पशु विकास परियोजना' सुरु भएको छ।

पालिकाका साना किसान र महिलालाई उद्यमशीलतामा जोड्दै आर्थिक रुपमा सवल र सक्षम बनाउन कार्यक्रम सुरु गरिएको नगरप्रमुख गोविन्द कुमार कर्माचार्यले जानकारी दिनुभयो। भीरकोटका विपन्न र निम्न आय भएका परिवारलाई आयआर्जनमा जोडेर गरिबी कम गर्ने पालिकाको योजना रहेको उहाँको भनाई छ।

नगरपालिकाले हेफर प्रोजेक्ट नेपाल र दियालो संस्थासँगको सहकार्यमा कार्यक्रम सुरु गरेको नगरप्रमुख कर्माचार्यले जानकारी दिनुभयो। नगरपालिकामा भएको परियोजना समन्वय तथा अनुगमन समितिका पदाधिकारीहरुको अभिमुखीकरण कार्यक्रममा नगरप्रमुख कर्माचार्यले कृषि



र पशुको क्षेत्रमा पालिकाले योजनाबद्ध रुपमा काम गरिरहेको बताउनु भयो।

उत्पादन र बजारीकरणको कामलाई सँगसँगै लैजाने योजना रहेको उहाँको भनाई छ। कृषि तथा पशु उद्यम अन्तर्गत महिला समूहलाई परिचालन गरी काम गर्ने प्रमुख प्रशासकीय अधिकृत उदय बहादुर पराजुलीले जानकारी दिनुभयो। विदेशबाट फर्किएका र स्वदेशमा नै केही गर्न चाहाने युवायुवतीलाई उत्पादनमा जोड्न युवा समूह मार्फत पनि काम गर्ने उहाँको भनाई छ। कार्यक्रममा हेफर प्रोजेक्ट नेपालका बरिष्ठ कार्यक्रम अधिकृत बिष्णु प्रसाद पाण्डेले परियोजनाको लक्ष्य,योजना र गरिने क्रियाकलापका बारेमा जानकारी गराउनु भएको थियो। सो अवसरमा उहाँले साना किसान र महिलाहरुको लागि परियोजनाले काम गर्ने जानकारी दिनुभयो। यस्तै दियालो संस्थाका कार्यबाहक अध्यक्ष विष्णु सुवेदीले कृषि र पशु विकासका लागि सबैको सहकार्य महत्वपूर्ण हुने बताउनु भयो। कार्यक्रममा नगर उपप्रमुख भगवती रेग्मी अर्याल, नगरप्रवक्ता तथा वडा अध्यक्ष दिपेन्द्र केसी, वडा अध्यक्षहरु श्यामकाजी अधिकारी,नन्दलाल खनाल,वित्तिय अधिकृत अम्बिका पौडेल,दियालो संस्थाका कोषाध्यक्ष चण्डिका साप्कोटा, हेफर प्राजेक्टका एक्सेस टु फाईनाईन्स नागेन्द्र भट्ट लगायतले कार्यक्रमको बारेमा जानकारी गराउनु भएको थियो। परियोजनाले बैङ्कसँगको सहकार्यमा सहुलियत कर्जा प्रवाहका लागि समेत काम गर्ने पालिकाले जनाएको छ।

हेफरले परियोजनामा भीरकोट नगरपालिकाको ७० प्रतिशत र हेफरको ३० प्रतिशत साझेदारी रहने पालिकाले जनाएको छ। परियोजनाका २० महिने अवधिका लागि तीन करोड ५० लाख रुपियाँको बजेट रहेको भीरकोट नगरपालिकाका योजना अधिकृत यामप्रसाद रेग्मीले जानकारी दिनुभयो। कार्यक्रम पालिकाको नौं वटै वडामा सञ्चालन हुने पालिकाले जनाएको छ।

# लेउवा संघको प्रोफेसनल व्यूटि सेमिनार तालिम

पोखरापत्र संवाददाता
लेखनाथ, ५ असार

लेखनाथ उद्योग बाणिज्य संघको आयोजनामा ब्यवसायिक व्यूटिसियनहरुका लागि दुई दिने प्रोफेसनल व्यूटि सेमिनार (एड्भान्स मेकअप एण्ड हेयरस्टाईल) तालिम प्रदान गरिएको छ।

असार ४ र ५ गते संघको कार्यकक्षमा आयोजना गरिएको तालिमा संघमा आवद्ध २३ जना प्रोफेसनल व्यूटिसेनहरुको सहभागीता रहेको थियो।

तालिम समापन समारोहमा वोल्दै लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष बिनोद श्रेष्ठले पछिल्लो समय व्युटिपार्लरको अत्याधिक माग रहेकाले उनिहरुको सिपलाई अझ वढि निखरता दिन र आफ्नो व्यवसायलाई अझ बढि टेवा पुग्ने गरि तालिमको आयोजना गरेको बताउदै सिपसग सगै आय आर्जनमा जोडिनका लागि आग्रह गरेका थिए। तालिमका प्रशिक्षक



एवं मायाज व्युटिपार्लरका संचालक गिता गिरीले सिकाई जिवनको महत्वपुर्ण पाटो भएको सिपलाई ब्यवसायमा जोडेर आर्य आर्जन वढाउन आगह गरेकी थिईन।

तालिम समापन समारोहमा सहभागीहरुको तर्फबाट रुपकला श्रेष्ठले तालिम अति फलदायि भएको र यस्ता एड्भान्स तालिमले व्यवसायलाई उत्साह र समयानुसारको परिवर्तनसँगै अगाडि बढ्न मद्दत पुग्ने धारणा राखेकी थिईन। लेखनाथ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष छत्रधर आत्रेय, पुर्व अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठी, संघका पदाधिकारी, कार्यसमिति सदस्य लगायतकाको उपस्थिति रहेको कार्यक्रममा संघका कार्यसमिति सदस्य एवं महिला उद्यमी समन्वय उपसमिति संयोजक गंगा मल्लले सवै सहभागीलाई व्यवसायीक रुपमा अगाडि बढ्न यस प्रकारको तालिम फलदायी हुने विश्वास राखेकी थिईन।

संघका बरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझाले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रको संचालन महासचिव जानुका पराजुली अधिकारीले गरेकी थिइन भने स्वागत मन्तव्य कार्यक्रम संयोजक ईन्दिरा रोक्काले गरेकी थिईन।

# हाइकिङको ५९ औं श्रृङ्खला मकानपुरमा

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

पोखरा महानगरपालिका वडा नं. ७ मा कार्यालय रहेको हाइकर्स क्लब नेपालले हरेक महिनाको अन्तिम शनिबार हाइकिङ (एक दिने पदयात्रा) कार्यक्रम संचालन गर्दै आएको छ।

गत शनिबार जेठ महिनाको अन्तिम शनिबार पनि क्लबको आयोजनामा हाइकिङ भाग ५९ पोखरा महानगरपालिका वडा नं. २३, मकानपुर गाउँमा पुगेर सम्पन्न भयो। घाँटीछिना देखि पैदल २ घण्टामा पुग्न सकिने सो हाइकिङमा ४५ जना सहभागि भएका थिए। फर्किदा वराङमा रहेको मनोक्रान्ती आश्रमको अवलोकन पनि गरेको थियो।




स्वास्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने मुल नाराका साथ हुने हाइकिङमा ८/९ वर्षका हिड्न सक्नेदेखि ७६ वर्षसम्मका सहभागि हुन रुचाउँछन्। सहभागिले आफ्नो खर्च आफैले व्यहोर्नु पर्ने हुन्छ भने साना वालवालिकाहरुलाई अवस्था हेरी निशुल्क गरिदै आएको सो दिनको हाइकिङ संयोजक तथा क्लबकी कोषाध्यक्ष टिका आचार्य सुवेदीले वताईन्।

विद्यार्थी, व्यापारी, गृहणी सबै जना महिनामा एक दिन आफुलाई निकाल्नु पर्छ भन्ने भावनाले पनि हाइकिङ कार्यक्रम ६ वर्ष देखि निरन्तर संचालित छ भने दिनप्रतिदिन सहभागिहरु वढ्दै गइरहेको क्लबका अध्यक्ष कृष्ण रानाभाटले वताए। अध्यक्ष रानाभाट दरबारथोक मिडिया प्रालिका संचालक अध्यक्ष समेत हुन। हाइकिङमा अहिलेसम्म हजारौं सहभागि भइ सकेका छन् भने स्याङ्जा, तनहुँ र कास्कीका गाउँपालिका, नगरपालिका, महानगरपालिका का विभिन्न वडाहरुमा गई त्यहाँको पर्यटकीय स्थलहरुको प्रचारप्रसारमा टेवा पुऱ्याउँदै आएको छ। यस कार्यक्रमले पोखरा भ्रमण वर्ष २०२५ लाई सहयोग गर्नुका साथै पर्यटनको राजधानी पोखरालाई आफ्नै तरिकाबाट प्रचारप्रसार गरेको छ।

# गण्डकी प्रदेशस्तरीय टि-२० क्रिकेट : नवलपुर र स्याङजा उपाधिका लागि भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

गण्डकी प्रदेशस्तरीय टि-२० क्रिकेटमा नवलपुर र स्याङजा उपाधिका लागि भिड्ने भएका छन्। समुह 'ए' बाट स्याङजा र समुह ' बी'बाट नवलुर विजेता बन्दै उपाधि भिडन्त पक्का गरेका हुन्।

नवलपुर, कास्की र पर्वतले आफ्नो समुहमा समान २-२ खेल जित हात पारे पनि रन रेटका आधारमा नवलपुर फाइनलमा पुगेको हो। तीनै टोलीले समान ४-४ अंक हात पारे पनि नेट रन रेटका आधारमा नवलपुरले लिग चरणमा शिर्षस्थानमा उक्लिदै फाइनलमा प्रवेश गर्न सफल रह्यो। अंक तालिकामा नवलपुरको कुल रन रेट १.९९२४ रहँदा कास्कीको १.४८३३ र पर्वतको ०.८३०२ रहेको छ। प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको प्रवर्द्धनमा जारी प्रतियोगिताको फाइनल खेल शुक्रबार हुने प्रतियोगिताका संयोजक ऋषीराम गौतमले जानकारी दिएका छन्।

यस अघि पोखरा रंगशाला क्रिकेट खेल मैदानमा जारी प्रतियोगिताको समुह 'बी'बाट घरेलु मैदानमा कास्कीलाई नवलपुरले ५ विकेटले पराजित गरी स्याङजा संग उपाधि भिडन्त पक्का गरेको हो। खेलमा कास्कीले टस जितेर पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ५ विकेटको क्षतिमा १४८ रन बनायो। कास्कीका लागि मुस्कान थापाले ३६ रन, रोहित चन्दले ३५ रन र कप्तान सुवास भण्डारीले अविजित ३७ रनको योगदान दिए। नवलपुरका काशिस सुवेदी र हिमाल न्यौपानेले २-२ विकेट लिए भने सुदीप अर्यालले १ विकेट लिए।

१४९ रनको लक्ष्य पछ्याउँदै नवलपुरले १५ ओभरमै ५ विकेट गुमाएर १५४ रन बनाउँदै सहज जित हात पाऱ्यो। अपराजित पौडेलले २० बलमा ३ चौका र ३ छक्कासहित अविजित ३३ रन बनाएर जित सुनिश्चित गराएका थिए। रिजन काफ्लेले ३७, सुदीप अर्यालले २१, र कमल परियारले ६ बलमा १७ रनको उत्कृष्ट योगदान दिए। कास्कीका कृष्ण पौडेलले उत्कृष्ट बलिङ गर्दै ४ ओभरमा ४ विकेट लिए तर अन्य बलरहरू महँगो सावित भए। 'प्लेयर अफ द म्याच' नवलपुरका अपराजित पौडेल घोषित भए। पोखरा रंगशालामा जारी गण्डकी प्रदेश तेस्रो पुरुष टी-२० क्रिकेट प्रतियोगिताको लिग चरणअन्तर्गत आज भएको अर्को एक खेलमा पर्वतले गोरखामाथि ४९ रनको सानदार जित हासिल गरेको छ। टस जितेर गोरखाले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको पर्वतले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १४८ रनको प्रतिस्पर्धात्मक योगफल तयार गर्यो। टोलीको तर्फबाट अभिराज पटेलले उत्कृष्ट प्रदर्शन गर्दै ३२ बलमा नटआउट ४७ रन (५ छक्का) प्रहार गरे। यस्तै, राजु थापाले ४४ बलमा ३७ रन जोडे। गोरखाको बलिङतर्फ स्वरुपराज श्रेष्ठले सर्वाधिक ४ विकेट लिँदै प्रभावशाली प्रदर्शन गरे। उनले ४ ओभरमा २२ रन खर्चिएर ४ विकेट लिए। जीवन कार्कीले २ विकेट हात पारे। जवाफमा लक्ष्य पछ्याउने क्रममा गोरखा १७ ओभरमै ९९ रनमै समेटियो। ओपनर रुपेश बस्यालले १६ रन बनाए भने उनीबाहेक कुनै पनि ब्याट्सम्यानले ठोस योगदान दिन सकेनन्। त्यस्तै युनिश थापाले २२ रन बनाए। पर्वतका बलर सन्दीप बि.कले घातक बलिङ गर्दै ३ ओभरमा १९ रन खर्चिएर ४ विकेट लिएर गोरखाको ब्याटिङ लाइन धराशायी पारे। कप्तान अमृत गुरुङले पनि ४ ओभरमा २ विकेट लिए। उत्कृष्ट प्रदर्शनका लागि पर्वतका सन्दीप बिक 'प्लेयर अफ द म्याच' घोषित भए। प्रतियोगितामा विजेता टिमले नगद रु १ लाख, उपविजेताले रु ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ।

त्यस्तै, उत्कृष्ट खेलाडीलाई रु ४ हजार, उत्कृष्ट ब्याटर, बलर र उदियमान खेलाडीलाई जनही रु २ हजारसहित ट्रफी प्रदान गरिनेछ। हरेक खेलको 'प्लेयर अफ द म्याच' ले रु १ हजार नगद र ट्रफी प्राप्त गर्ने अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए।

# सिइपिएस कास्कीको आयोजनामा उत्प्रेरणामूलक कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

कोलाबरेटिभ एजुकेशनल पार्टनरसिपअफस्कुल्स (सिइपिएस) कास्कीको आयोजनामा उत्प्रेरणामूलक कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा संस्थामा आवद्ध १९ विद्यालयका कक्षा ८ मा अध्ययनरत करिब सात सय विद्यार्थी सहभागी थिए। उनीहरुलाई उत्प्रेरक वक्ता डा. रविन कटवालले प्रशिक्षण दिएका थिए। कक्षा १२ सम्मका विद्यार्थीको परीक्षा स्थानीय




तहले लिने भएकाले उनीहरुलाई सोही प्रकारको ज्ञान दिलाउन यस प्रकारको कार्यक्रम आयोजना गरिएको संस्थाका अध्यक्ष डा. टेकनारायण पौडेलले जानकारी दिए। कार्यक्रम विद्यार्थीका लागि महत्वपूर्ण सिकाई हुने अध्यक्ष पौडेलको विश्वास छ।

कार्यक्रम संयोजक दिवाकर जैशीले 'विद्यार्थीलाई कसरी नयाँ कुरा सिकाएर व्यवहारिक बनाउन सकिन्छ' भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए। आगामी दिनमा ९ र १० कक्षाका विद्यार्थीलाई पनि यस प्रकारको प्रशिक्षण दिइने उनले बताए। तालिमले विद्यार्थीलाई केही न केही नयाँ ज्ञान दिलाउने उनको दावी छ। सिइपिएसका अंग्रेजी संयोजक कृष्ण लम्सालले विगतमा पनि महत्वपूर्ण काम गर्दै आएको र भविष्यमा पनि यस्तै रचनात्मक कार्यक्रम अघि बढाइने बताए।

# पोखराको.....

समयअघिसम्म अस्तव्यस्त देखिने उक्त केन्द्रमा गत मङ्सिरदेखि पूर्वाधार व्यवस्थापन र सेवाको गुणस्तर सुधारको काम सुरु गरिएको हो।

घेरबार नहुँदा केन्द्रको भवन परिसर सवारीसाधन पार्किङ गर्ने, दुर्व्यसनमा फसेका युवा सुत्नेस्थलका रूपमा प्रयोग हुँदै आएकामा अहिले पर्खाल र प्रवेशद्वारा निर्माण गरिएको छ। स्वास्थ्य उपकरण र जनशक्ति थपका लागि महानगर तथा प्रदेश सरकारसँग पहल भइरहेको केन्द्रले जनाएको छ। बिरामीको चापअनुसार केन्द्रमा चिकित्सक र स्वास्थ्यकर्मीको सङ्ख्या अपुग रहेको छ।

पन्ध्र जनाको दरबन्दी रहेको उक्त केन्द्रमा तीन जना मेडिकल अधिकृतसहित स्वास्थ्यकर्मी र प्राविधिक सेवारत छन्। दरबन्दीअनुसार एक जना जनस्वास्थ्य अधिकृत, फर्मासिस्ट र कविराजको अझै पदपूर्ति हुन सकेको छैन। केन्द्रमा सबैभन्दा बढी नसर्ने रोगका बिरामी आउने गरेका छन्। बिमासँगै निःशुल्क स्वास्थ्य कार्यक्रम सञ्चालन भइरहेकाले केन्द्रमा सेवा लिन आउने बिरामीको चाप बढी हुने गरेको छ। केन्द्रले बहिरङ्ग सेवा, खोप तथा पोषण सेवा, एकीकृत बालरोग व्यवस्थापन, परिवार नियोजन सेवा, सुरक्षित मातृत्वलगायतका सेवा प्रदान गर्दै आएको छ। केन्द्रमा स्वास्थ्यचौकी तहबाट प्रदान हुने सबै सेवासहित सामान्य सर्जरी, प्रयोगशाला सेवा, सुरक्षित गर्भपतन आदि सेवा उपलब्ध छन्। प्रयोगशालामा हर्मोनलबाहेकका सबै परीक्षण सेवा उपलब्ध रहेको जनाइएको छ।

# तनहुँका....

रु १० लाख लागतमा बोलपत्रमार्फत प्रक्रिया गरी आवास निर्माण गरिएको हो। सङ्कको समपुरक कोषको ३८ प्रतिशत र गाउँपालिकाको ६२ प्रतिशत लागतमा आवास निर्माण गरिएको गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले बताउनुभयो। उहाँका अनुसार आवास सुविधा लिनका लागि परिवार सदस्यमा कोही स्थायी रोजगार तथा दिगो लगानी तथा आयस्रोत नभएका, दोहोरो सुविधा तथा अनुदान नलिएकालगायत प्रमाण पेस गर्नुपर्ने प्रावधान छ। अपाङ्गता भएका व्यक्ति, असहाय, सिमान्तकृत, अल्पसङ्ख्यक तथा दलित जातिमा सूचीकृत भएकालाई प्राथमिकता दिइएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो। "हामी जनप्रतिनिधिमा निर्वाचित भएपछि पाँच वर्षभित्रमा कम्तीमा ६० घर बनाउछौं भन्ने प्रतिबद्धता जनाएबमोजिम अहिलेसम्म ४६ वटा सम्पन्न गरी हस्तान्तरण गरेका छौं", उहाँले भन्नुभयो।

गाउँपालिकाका इञ्जिनियर शिव ज्ञवालीले ४८ जना विपन्न परिवारका लागि दुई कोठे पक्की भवन निर्माण गरिएको बताउनुभयो। पालिकाले घरविहीन नागरिकलाई लक्षित गरी नमूना आवास कार्यक्रम सञ्चालन गरी भवन निर्माणलाई प्राथमिकतामा राखेको उहाँले उल्लेख गर्नुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# दैलेखमा ग्यास उत्पादन गर्न सम्भव

दैलेखमा ११२ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको पत्ता लागेको छ । दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा ११२.१ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको प्रारम्भिक अध्ययनले देखाएको हो । सन् २०१९ देखि अध्ययन गरिरहेको चाइना जिओलोजिकल सर्भेको अध्ययनले दैलेखमा ठूलो मात्रामा प्राकृतिक ग्यास रहेको देखाएको छा११३ मिलियन आरएमबी अर्थात् करिब २ अर्ब १७ करोडको लगानीमा यो अध्ययन गरेको हो । जुन करिब ६ वर्षमा सम्पन्न भएको छ । प्रारम्भिक अध्ययनले वातावरणमैत्री ठूलो मात्रामा प्राकृतिक ग्यास भेटिएको खानी तथा भूगर्भ विभागका उपमहानिर्देशक तथा प्रवक्ता दिनेशकुमार नापितले बताएका छन। ठूलो मात्रामा ग्यास भेटिएको शकरिब ९० प्रतिशतभन्दा बढी मिथेन ग्यास रहेको देखिएको छ', उनले भने, 'सीएनजीको रूपमा हामीले यो ग्यास प्रयोग गर्न सक्छौं । जुन एलपीजी ग्यासभन्दा बढी वातावरणमैत्री रहेको छ। यसले एलपीजीलाई विस्थापित गर्न सक्छ ।'

प्रारम्भिक अध्ययन प्राप्त भएसँगै परीक्षणका लागि विभागले प्रक्रिया अघि बढाइरहेको छ। चीनले अध्ययनसँगै ग्यासको परीक्षण पनि आफैंले गर्नका लागि प्रस्ताव समेत गरेको छ । परीक्षणको लागत करिब ६५ करोड लाग्ने अनुमान गरिएको छ । ग्यासको परीक्षणपछि मात्रै यसको उत्पादन नेपाल सरकार स्वंले पनि गर्न सक्नेछ भने, यसका लागि कुनै निजी कम्पनीलाई पनि दिन सक्ने विभागको भनाइ छ । अबको एक वर्षभित्रै ग्यासको उत्पादन गर्ने लक्ष्यसहित अगाडि बढ्ने उद्योग, वणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बताए । नेपालका लागि यो सबैभन्दा ठूलो फड्कोको रूपमा रहेको उनको भनाइ छ ।

'हामीले यसलाई छिटोभन्दा छिटो उत्पादन प्रकृयामा लैजाने प्रयास गरिरहेका छौं । एक वर्षभित्रै उत्पादनमा जानेगरी हामी तयारी गरिरहेका छौं', मन्त्री भण्डारीले भने, 'हाम्रो लागि ठूलो कुरा हो । यसले पक्कै पनि हाम्रो आयातलाई काम गर्न ठूलो भूमिका खेल्ने छ । मन्त्रालय यसमा सकारात्मक छ ।' दैलेखमा भेटिएको ग्यास करिब ११७ खर्ब रूपैयाँ बढी मूल्यको रहेको अध्ययनले देखाएको छ। यसका साथै अहिले नेपालमा ग्यासको खपतलाई आधार मान्दा करिब ६० वर्षसम्म नेपालमा ग्यासको खपत धान्न सक्ने प्रतिवेदनले देखाएको छ।

हालसम्म ४ हजार १३ मिटर ड्रिल गरिएको छ । जहाँ करिब ९० प्रतिशत भन्दाबढी मिथेन ग्यास रहेको पाइएको छ। सन् २०१६ मा चीन भ्रमणका क्रममा नेपालमा पेट्रोलियम पदार्थको सम्भाव्यता अध्ययन गरिदिने समझदारी भएको थियो । सन् २०१७ अगस्तमा चीनसँग पेट्रोलियम पदार्थ अध्ययनका लागि सहयोग गर्ने सम्झौता भएको थियो। अर्थात् चीनले आफ्नै लगानीमा ग्यासको अध्ययन गर्ने सम्झौता गरेको थियो । तर, सन् २०१९ फेब्रुअरीमा कार्यान्वयनका लागि सम्झौता भएको थियो । यो सम्झौता खानी तथा भूगर्भ विभाग र चाइना फिजियोलोजी सर्भेसँग भएको थियो । सर्भेले प्रारम्भिक अध्ययनको प्रतिवेदन बुझाउने अवधि सन् २०२५ को डिसेम्बरसम्म। तर, केही दिनअघि मात्रै विभागलाई उक्त अध्ययनको प्रतिवेदन पठाइसकिएको छ।

अब विभागले प्राप्त गरेको अध्ययन प्रतिवेदनमा मन्त्रालयबाट प्रक्रिया अगाडि बढाएर परीक्षणको काम गरिनेछ । परीक्षणका लागि करिब ७५ दिन लाग्ने जनाइएको छ । चीनले परीक्षण पनि आफैं गर्नका लागि मन्त्रालयलाई सुझाव दिएको छ। यसका साथै नेपालका तीन स्थानमा पनि ठूलो मात्रमा ग्यास रहेको अनुमान गरिएको छ। दाङ, पाल्पा र सुनसरीमा करिब ४३० अर्ब घनमिटर ग्यास रहेको विभागको अनुमान छ । प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका बेला भएको सहमतिअनुसार काम सम्पन्न भएको छाप्रधानमन्त्री ओलीको विकास गर्न देखाएको चासोलाई दैलेखमा गरिएको अध्ययनले संभव बनाएको छ। नेताले देशको लागि सोचेर काम गर्छन भन्ने सन्देस दिएको छ। अब परीक्षण र उत्पादन गर्न सके नेपालले ग्यासमा फड्को मार्नेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विद्यार्थीलाई 'हाउस वायरिङ' तालिम

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ असार

बेनी नगरपालिका-४ सिंगा तातोपानीस्थित सरस्वती माविका विद्यार्थीहलाई 'हाउस वायरिङ'सम्बन्धी सिकाइएको छ।

बेनी नगरपालिकाको 'उइ क्यान, उइ डु' (हामी सक्छौं, हामी गर्छौं कार्यक्रममार्फत सरस्वती माविको ८, ९ र १० कक्षाका विद्यार्थीलाई घर तथा भवनमा 'वायरिङ' गर्ने सीप सिकाइएको हो । बीस दिनसम्म सञ्चालन भएको तालिममा १९ जना विद्यार्थी सहभागी भएका प्रधानाध्यापक गुरुदत्त पौडेलले जानकारी दिनुभयो । बेनीका अर्जुन ढुङ्गानाले घर तथा भवनमा विद्युत् जडानसम्बन्धी सैद्धान्तिक र व्यवहारिक विषयमा सहजीकरण गर्नुभएको थियो । तालिममा सहभागी कक्षा ८ का विद्यार्थी जोन पुनले घर, समाजमा दिनानुदिन आवश्यक पर्ने व्यवहारिक सीप हासिल गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो । तालिममा सिकेको आधारभूत सीपले घर, छिमेकमा आवश्यक पर्दा काम फुकाउन सक्ने र भविष्यमा आफैं स्वरोजगार बन्न पनि सहयोग पुग्ने उहाँले बताउनुभयो । विद्यालय समय सकिएपछि हरेक अपराह्न ४ देखि ६ बजेसम्म विद्यालयमै तालिम सञ्चालन भएको थियो।

माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई विद्यालयमै सीप सिकाएर विद्यार्थी र शिक्षालाई सीप र श्रमसँग जोड्न बेनी नगरपालिकाले हामी सक्छौं, हामी गर्छौं कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रम सञ्चालन गर्न बेनी नगरपालिकाका १६ वटा विद्यालयलाई रु एक/एक लाखका दरले रु १६ लाख बजेट विनियोजन भएको थियो । बेनी नगरपालिकाको सामुदायिक विद्यालयका करिब ५०० जना विद्यार्थी सीपमूलक तालिममा सहभागी हुने अपेक्षा गरिएको नगर प्रमुख सुरत केसीले बताउनुभयो।

# नरभक्षी चितुवा नियन्त्रणमा आएन

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ असार

बन्दीपुर गाउँपालिका-२ कुवादीका ६ वर्षीय उत्सव गुरुङको चितुवाको आक्रमण परी मृत्यु भएको नौ दिन बितिसक्दा पनि चितुवालाई नियन्त्रणमा लिन सकिएको छैन।

गत जेठ २६ गते साँझ आफ्नै घरआँगनमा खेल्दै गरेको अवस्थामा चितुवाले आक्रमण गरी बालकको ज्यान लिएपछि सिद्धथान सामुदायिक वनमा बाख्रासहितका पाँचवटा खोर राखेर पासो थाप्ने काम गरेको छ । चितवन राष्ट्रिय निकुञ्जका भेटेरिनरी प्राविधिक दिनेश ढकाल, राष्ट्रिय प्राकृतिक संरक्षण कोषका किरणराज रिजाल र वन्यजन्तु प्राविधिक थिरुलाल थारूको डार्टिङ टोलीले त्यस क्षेत्रमा निगरानी बढाइरहेको छ।

डार्टिङ टोलीले चितुवा भेटेको अवस्थामा बेहोस बनाएर अन्यत्र स्थानान्तरण गर्ने योजना रहेको डिभिजन वन कार्यालयका वन अधिकृत तथा सूचना अधिकारी राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "डार्टिङ टोलीले चितुवाको पदमार्ग र दिशा भेटिएकाले छिट्टै नियन्त्रणमा लिन सकिनेमा विश्वस्त रहेको जनाएका छन् ।" बन्दीपुरमा चितुवा आक्रमणमा परी चालु आर्थिक वर्षको साउनदेखि यता ११ महिनाको अवधिमा तीन बालबालिकाले ज्यान गुमाएका छन् । यसरी ज्यान गुमाउने बालक दुई र एक बालिका रहेका छन् । डिभिजन वन कार्यालयका अनुसार २०७४ फागुन ९ गतेदेखि आठ वर्षको अवधिमा १२ बालक र पाँच बालिकाले ज्यान गुमाइसकेका छन् । जिल्लाका भानु, बन्दीपुर, आँबुखैरेनी, व्यासलगायतका पालिकामा चितुवाको आक्रमणले मानवीय क्षति भएको छ । चितुवाको आक्रमणबाट आठ वर्षको अवधिमा २१ जना घाइते भएका छन् । घटना भएपछि स्थानीयवासीलाई साँझपख घरबाहिर ननिस्कन र सतर्कता अपनाएर बस्न तथा चितुवा देखिए तुरुन्त सम्पर्क गर्न स्थानीयलाई आग्रह गरिएको डिभिजन वन कार्यालयले आग्रह गरेको छ।

चितुवाले पुनः आक्रमण गर्ने सम्भावना रहने हुँदा नियन्त्रणमा लिनका लागि सोही ठाउँ आसपासमा पासो राखिएको अर्का वन अधिकृत नवीन विश्वकर्माले बताउनुभयो । चितुवाका लागि सिकार गर्ने अनुकूल समय साँझपख हुने भएकाले घरबाहिर निस्कन नहुने र बालबालिकालाई एक्लैदुक्लै छाड्न नहुने विश्वकर्मा बताउनुहुन्छ । साँझमा सिकार खोज्ने चितुवाले मृग, कुकुर वा गाईवस्तुका बाछाबाछी नभेट्दा बालबालिका निशानामा पर्ने जोखिम अत्यधिक हुने भएकाले सतर्कता अपनाउन सबैमा आग्रह गरिएको कार्यालय प्रमुख शरदकुमार अधिकारीले बताउनुभयो।

# नेपाली राष्ट्रिय क्रिकेट टोलीको घोषणा

**रासस**
काठमाडौं, ५ असार

मलेसियामा आयोजना हुने एसिसी पुरुष यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताका लागि बिहीबार नेपाली राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरिएको छ।

यही असार ८ देखि २१ गतेसम्म मलेसियामा हुने उक्त प्रतियोगिताका लागि नेपाल क्रिकेट सङ्घ (क्यान)ले विपिनप्रसाद शर्माको कप्तानीमा १४ सदस्यीय टोलीको घोषणा गरेको हो। नेपाली टोलीमा कप्तान शर्मासहित उपकप्तान सुर्याशु कोइराला, शिवान्श बजगाईं, रौनक श्रीवास्तव, परिमर्जन यादव, अभय यादव, सचिन भट्ट, सुगम बुढाथोकी, सुयोग भट्टराई, सुसिल रावल, शुभम खनाल, प्रसिद्ध जैशी, जोय थापा र रोशन शाही छन् । प्रतियोगितामा नेपालसहित विभिन्न १० टोलीको सहभागिता रहनेछ । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । नेपाल समूह 'ए' मा परेको छ। नेपालको समूहमा सिङ्गापुर, इन्डोनेसिया, भुटान र जापान छन् । समूह 'बी'मा आयोजक मलेसियासहित थाइल्याण्ड, माल्दिभ्स, हङ्कङ र म्यानमार छन्।

नेपालले यही असार ८ गते सिङ्गापुरसँग खेल्दै प्रतियोगिताको उद्घाटन गर्नेछ । हरेक समूहबाट विजेता र उपविजेता सेमिफाइनलमा प्रवेश गर्नेछन् । सेमिफाइनलका विजेताबीच यही असार २१ गते उपाधिका लागि प्रतिस्पर्धा हुनेछ।

# टप्स सेकेन्डरी स्कुलमा एसईई कप स्पोर्ट्स फेस्ट

**पोखरापत्र संवाददाता**
गण्डकी, ५ असार

पोखराको बुद्धचोकस्थित टप्स सेकेन्डरी स्कुलमा विहीबारदेखि स्पोर्ट्स फेस्ट अन्तर्गत एसईई कप २०८२ सुरु भएको छ । एसईई दिएर बसेका विद्यार्थीलाई लक्षित गरी विद्यालयले स्पोर्टस् फेस्टको आयोजना गरेको हो।

यही असार १० गतेसम्म संचालन हुने फेस्टमा फुटसल, भलिबल (महिला र पुरुष), बास्केटबल (महिला र पुरुष) र साइन्स क्विज कन्टेस्ट खेल हुनेछन् । विद्यालयका खेलकुद संयोजक विमल देवकोटाका अनुसार फुटसलमा ५४ टीमको सहभागिता रहेको छ । यसैगरी बास्केटबलमा २४ छात्र र ४ छात्राको टीम, भलिबलमा ३२ छात्र र ८ छात्राको टीमको सहभागिता रहेको छ भने साइन्स क्विजमा ३२ टीम सहभागी हुदैछन् । पहिलो दिन भएको बास्केटबल प्रतियोगितामा ५ खेलमात्र भए । देवकोटाले शैक्षिक गतिविधिसंगै खेलकुदको क्षेत्रमा पनि छुट्टै पहिचान बनाउने उद्देश्यसाथ प्रतियोगिताको आयोजना गरिएको बताए। स्पोर्टस् फेस्टको उद्घाटन गर्दै पोखरा-१४ का वडाध्यक्ष बोधबहादुर कार्कीले खेल गतिविधिले एसईई दिएर बसेका विद्यार्थीको



प्रतिभा प्रस्फुटनमा सहयोग पुग्ने बताए। उनले विद्यार्थीले किताबी ज्ञानले मात्र नभई खेल क्षेत्रबाट पनि आफ्नो भविष्य निर्माण गर्न सक्ने जनाए । 'टप्स स्कुल शैक्षिक लगायत खेलकुदजस्ता गतिविधिका माध्ययमबाट देशकै अग्रणी शैक्षिक संस्थाको रुपमा बिकास भएको देख्न चाहन्छु', उनले भने।

कार्कीले प्रतियोगिताका प्रमुख रेफ्री दीपल गुरुङलाई बल हस्तान्तरण गरेका थिए । विद्यालयका अध्यक्ष बलबहादुर थापाले यतिबेला टप्स सेकेन्डरी स्कुलका विषयमा पोखरामात्र नभई बाहिरी जिल्लाबासीले पनि चासोको साथ हेरेको बताए। आफुहरुले केही वर्षभित्रै विद्यालयलाई उत्कृष्ट बनाउने योजन साथ अघि बढेको भन्दै थापाले यसैक्रममा एसईई दिइ बसेका विद्यार्थीलाई लक्षित गरी खेल प्रतियोगिताको आयोजना गरिएको बताए । विद्यालयका प्रवन्ध निर्देशक चन्द्रकान्त बस्ताकोटीले विद्यार्थीमा रहेको खेलकुदको प्रतिभालाई प्रदर्शन गर्ने माध्ययमका रुपमा प्रतियोगिता आयोजना गरिएको बताए । विद्यालयका खेलकुद शिक्षक ऋषिसरा थापाले खेलकुद अनुशासन र स्वास्थ्यको प्रतिक रहेको बताइन्। साइन्स केमेष्ट्री संयोजक विकल रानाभाटले चालु शैक्षिक सत्रबाट नयाँ व्यवस्थापनका साथ विद्यालय संचालन भएको भन्दै कक्षा ११ मा विज्ञान, व्यवस्थापन र होटल म्यानेजमेन्टको पढाई सुरु गर्न लागिएको जानकारी दिए । कार्यक्रमको सञ्चालन शिक्षक आत्माराम अधिकारीले गरेका थिए।

# पर्वतमा नहर बनाएर बाढी नियन्त्रण

**पोखरापत्र संवाददाता**
पर्वत, ५ असार

जिल्लाको जलजला गाउँपालिका-७ धाइरिङस्थित गुन्टेखेत र सल्यानको बस्ती संरक्षणका लागि नहर निर्माण गरेर बाढी नियन्त्रण गरिएको छ । बस्तीभन्दा माथिबाट आउने बाढी र पहिरोका कारण बर्सेनि जोखिम बढ्दै गएपछि क्षति रोकथामका लागि नहर निर्माण गरिएको हो।

गाउँभन्दा माथि रहेको नाथिमारेको डाँडाबाट खस्ने बुढीकुलोसहितको बाढीले सल्यानको बस्तीलाई जोखिममा पारेपछि बाढी नियन्त्रणका लागि वैकल्पिक नहर निर्माण गरिएको स्थानीय रुद्रलाल उपाध्यायले बताउनुभयो । बाढीपहिरोको जोखिमका कारण वर्षायाममा त्रासमा बस्नुपर्ने बाध्यता अन्त्य भएको स्थानीय दुर्गा पौडेलले बताउनुभयो । ठोट्नेरी, धारापानी, गुन्टेखेत हुँदै बग्ने बुढीकुलोका कारण सल्यान गाउँ बाढीपहिरोको जोखिममा परेपछि गाउँपालिकाले चालु आर्थिक वर्षमा बस्ती संरक्षण योजना सञ्चालन गरेको थियो । पालिकाले विनियोजन गरेको रु ३५ लाख २० हजार लगातमा बाढी नियन्त्रण गर्न तीन सय ५० मिटर लामो नहर निर्माण गरिएको जलजला गाउँपालिकाका इञ्जिनियर सुनिल बानियाँले जानकारी दिनुभयो । गत माघ ७ गते जेठ मसान्तभित्र निर्माण सम्पन्न गर्न उपभोक्ता समितिसँग योजनाको सम्झौता गरिएको थियो । बूढीकुलो बाढी नियन्त्रण योजनाअन्तर्गत गुन्टेखेतमा कुलो निर्माण गरिएको उल्लेख गर्दै तोकिएको मितिमा निर्माणको सम्पन्न भएको उहाँले जानकारी दिनुभयो । गुन्टेखेत गाउँभन्दा माथिबाट पक्की नहर निर्माण गरेर बाढीलाई लुङ्दी खोलामा खसाल्ने गरी निर्माण गरिएको बूढीकुलो बाढी नियन्त्रण उपभोक्ता समितिका अध्यक्ष गङ्गाधर आचार्यले बताउनुभयो। बूढीकुलोमा पानीसँगै आएको बाढीले सल्यानको बस्तीलाई उच्च जोखिममा पारेपछि बस्ती संरक्षणका लागि वैकल्पिक नहर बनाएर पानीसहितको बाढी लुङ्दी खोलामा जाने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो।

गत वर्ष बूढीकुलोमा आएको बाढीका कारण नाथिमारेबाट खसेको पहिरोले सल्यानको भिर कुना र गगनपानीमा घर तथा खेतीयोग्य जमिनमा क्षति पुऱ्याएको थियो । बाढी खसेर स्थानीय रुद्रलाल उपाध्याय, गिरिधारी पौडेल, महानन्द पौडेल, माधवप्रसाद पाध्या, नारायणप्रसाद पाध्या, खेमराज पौडेल, दुर्गा पौडेललगायत स्थानीयको एक सय मुरी धान फल्ने खेत पुरिएको थियो भने पहिरो खसेर गगनपानीका चार घर उच्च जोखिमा परेका थिए।

निर्माणाधीन मिलनचोक-सल्यान-गुन्टेखेत-घायखेत-धारापानी-ठोटनेरी सडक आयोजनाका कारण गाउँभरीको पानी बूढीकुलोमा जम्मा भएर सल्यानमाथिको डाँडाबाट बस्तीतिर खस्दा गाउँ जोखिममा परेपछि गुन्टेखेतबाट वैकल्पिक नहर निर्माण गरी लुङ्दी खोलामा पानी फाल्ने व्यवस्था गरिएको जलजला-७ का वडाध्यक्ष टुङ्गनाथ आचार्यले बताउनुभयो । बाढी नियन्त्रण गर्न कुलो निर्माण गरेसँगै जोखिम कम हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

# 'विश्वकै उत्कृष्ट विद्यालय पुरस्कार २०२५'को शीर्ष १०मा कोपिला भ्याली

**रासस**
काठमाडौं, ५ असार

सुर्खेतको वीरेन्द्रनगरस्थित कोपिला भ्याली स्कुल 'विश्वकै उत्कृष्ट विद्यालय पुरस्कार,२०२५' को शीर्ष १० मा छनोट भएको छ।

सो स्कुलले 'टी फोर एजुकेसन'लाई उद्धृत गर्दै विश्वको दश शीर्ष विद्यालयभित्र कोपिला भ्याली छनोट भएको जनाएको छ। टी फोर एजुकेसनले विभिन्न विधामा विश्वका विद्यालयहरूलाई पुरस्कार प्रदान गर्दै आएको छ । 'वातावरणीय कार्य' विधामा कोपिलाले उत्कृष्ट १० सूचीमा आफ्नो स्थान बनाएको हो । कोपिला भ्याली समाजका अध्यक्ष टोपबहादुर मल्लले विद्यालयस्तरबाट पर्यावरण संरक्षणमा नेपाल पहिलो पटक विश्वकै १०औं उत्कृष्ट विद्यालयको सूचीमा परेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यो नेपालीका लागि गर्वको कुरा हो । अब उत्कृष्ट हुन सबैको सहयोग आवश्यक छ।"

अध्यक्ष मल्लका अनुसार उत्कृष्ट १० मा पर्न सफल स्कुलले आगामी सन् २०२५ नोभेम्बर १५ देखि १६ तारिखसम्म यासिमा ब्रिटिस एकेडेमी, अबुधावी युएइमा हुने 'विश्व स्कुल्स समिट'मा सहभागी हुन पाउने छ । सो स्कुलका 'प्रिन्सिपल' राजेनकुमार कार्कीका अनुसार उत्कृष्ट दश विद्यालयबीचको आपसी प्रतिस्पर्धाबाट प्रथम आउन भोटको आवश्यक पर्छ । मतदान सुरु भइसकेको छ। यसका लागि सम्पूर्ण नेपालीले जतिसक्दो कोपिला भ्यालीलाई मतदान गरी देशको सान, पहिचान र स्वाभिमानलाई विश्वमाझ चिनाउन सहयोग गर्न सरोकारवालालाई उहाँले आग्रह गर्नुभयो । अबुधावीमा हुने शिखर सम्मेलनमा विजेता घोषणा गरिने जनाइएको छ। वातावरणीय कार्य, समुदाय सहकार्य, नवप्रवर्तन, चुनौति पार गर्ने क्षमता र स्वस्थ जीवनशैली विधामा उत्कृष्ट दशवटा देशका विद्यालय छनोट भइसकेका छन् भने ५० राष्ट्र समिटमा सहभागी हुने टि फोरले जनाएको छ।

# आध्यात्मिक, सामाजिक जागरणसँगै पर्यटन प्रवर्द्धनमा सहयोगी बन्यो कोटिहोम

–हरिप्रसाद बास्तोला
गण्डकी, ५ असार/रासस

धार्मिक, सामाजिक जागरणका साथ पोखराको पर्यटन प्रवर्द्धन गर्न श्रीगण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट महायज्ञ सफल भएको छ । वैदिक ज्ञान, धर्म परम्परालाई आधुनिक समाजमा पुनःस्थापित गर्दै वैज्ञानिक, सामाजिक, आध्यात्मिक पक्षको उजागर गर्न कोटिहोम सफल भएको हो ।

मानव सेवा फाउण्डेशन नेपालद्वारा पोखराको बिरौटास्थित सदाशिव शिद्धेश्वर हरिहर मन्दिरको लगभग ३० रोपनी सहित आसपासको ८० रोपनी जग्गामा वैशाख १६ गतेदेखि जेठ महिनाको ३१ गतेसम्म सञ्चालन भएको कोटिहोममा नेपालका विभिन्न स्थान र भारतबाट गरी ३० लाखभन्दा बढी भक्तजनले सहभागिता जनाएका थिए । सो अवसरमा नौ करोडभन्दा बढी नगद रकम सङ्कलन भएको छ ।

वातावरणीय प्रभावको न्यूनीकरणमा सहयोग पुऱ्याउँदै धार्मिक र सामाजिक विधिपूर्वक स्थापना गरिएका १०० कुण्डमा आचार्य, ब्राह्मणसहित ३०० जनाले जौ, तिल, गुण, ध्यू, चक्तचन्दन र अन्य द्रव्य मिश्रित चरु तयार गरि डेढ महिनासम्म करोडौं वैदिक मन्त्रद्धारा नित्य होम गरिएको थियो । मानसिक शान्ति, वातावरण सहित प्रत्येकको मन र मस्तिष्कलाई शुद्धीकरणका साथै गुण, ध्यू र चिनीको होमले अक्सिजन उत्पादनसमेतमा सहयोग पुग्ने विश्वास गरिन्छ ।

सनातन धर्मको अत्यन्त पवित्र, वैदिक र मान अनुष्ठानरूपमा मानिने कोटिहोममा विशेष गरी हवनात्मक, पाठात्मक, जपात्मक र अभिषेकात्मक गरि यज्ञका चार भेद मानिन्छ जसमध्ये कर्ताको सङ्कल्पअनुसार कुनै पनि मन्त्रद्वारा एक करोड २५ लाख पटक हवन, एक लाख २५ हजार तर्पण, १२ हजार ५०० मार्जन एक हजार २५० गरिने हवनात्मक यज्ञलाई कोटिहोम भनिन्छ ।

आध्यात्मिक, सामाजिक तथा प्राकृतिक सन्तुलनको संवाहक कोटिहोम यज्ञमा करोडौं आहुति समर्पण गर्ने एक अलौकिक वैदिक प्रकृया हो जसको उद्देश्य विश्वकल्याण, राष्ट्रशान्ति, वातावरणीय शुद्धीकरण तथा सनातन धर्म तथा संस्कृतिको संरक्षण एवम् प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुग्ने आयोजक संस्था मानव सेवा फाउण्डेशन नेपालका अध्यक्ष एवम महायज्ञ सङ्कल्पकर्ता वालयोगेश्वर विजयश्री कृष्णमुर्ति महाराजले जानकारी दिनुभयो । उहाँका अनुसार जसले धर्म, दर्शन, प्रकृति र समाजलाई एक सूत्रमा बाँधेर सभ्यताको पुनर्जागरण गराउँछ । शास्त्रमा उल्लेख गरे अनुरुप कोटिहोमजस्ता महायज्ञको दर्शन गर्न पाउनु नै असङ्ख्य जन्मको पुण्य फलदायी हुने महान अवसर प्राप्त गर्नु हो । कोटिहोम मानव सभ्यताको समृद्धि, धार्मिक पुनर्जागरण र आत्मशुद्धिको एक अनुपम अवसर हो, जसको दर्शन गर्ने, आहुती दिने वा श्रद्धाभावले सहभागी हुने जो कोहीले पुण्य लाभ प्राप्त गर्नेछन् ।

योसँगै गण्डकी प्रदेशका शास्त्रवर्णित धार्मिक क्षेत्र, तिर्थस्थल, मठ मन्दिरको महत्वलाई विश्वभर परिचित गराउन सहयोग पुगेको छ । पर्यटकीय राजधानी पोखराको विरौटामा सदाशिव सिद्धेश्वर हरिहर मन्दिरको २९ रोपनी १२ आनासहित ८० रोपनी जग्गा वैशाख १६ गतेदेखि सञ्चालन भएको कोटिहोमले गण्डकी प्रदेशका शास्त्रवर्णित धार्मिक क्षेत्र, तिर्थस्थल, मठ मन्दिरको महत्वलाई परिचित गराउन सफल हुने विश्वास अध्यक्ष कृष्णमुर्तिको दाबी छ । “पोखरामा कोटिहोम गर्नका लागि सुरुका दिनमा केही विवाद भएपनि पछिल्लो समयमा सबैको अपनत्व हुने गरि सदाशिवजी हरिहरको शक्तिको प्रभावले गुठी जग्गामा उत्साहपूर्वक सम्पन्न भएको छ” उहाँले भन्नुभयो । सदाशिव सिद्धेश्वर हरिहर मन्दिर व्यवस्थापन समिति पोखरा-१७ महतगौडा सितापाइलाका अध्यक्ष नगेन्द्र शर्माका अनुसार कोटिहोमले ऐतिहासिक, पुरातात्विक एवम् प्राचीन मन्दिरको प्रचार प्रसारमा महत्वपूर्ण सहयोग पुगेको छ । सो स्थानमा निर्माण गरि दैनिक हवन गरिएको मुख्य कुण्ड रहेको छ जसमा नित्य हवन हुने उहाँको भनाइ छ। अध्यक्ष शर्माले भन्नुभयो, मुक्तिनाथ दर्शन गर्ने प्रत्येक तिर्थालु भक्तजनले ल्याएको जल हरिहर मन्दिरमा चढाउने र विधिपूर्वक गरिएको होमको विभूती (खरानी) स्वस्ती शान्तिको प्रतिकका रूपमा प्रत्येकको घरमा पुऱ्याउने लक्ष्य कोटिहोमको छ । यसबाट हरिहर मन्दिरको महत्व थप उचाईमा पुग्ने विश्वास छ । पोखरा भ्रमण बर्ष २०२५ लाई समेत कोटिहोमले धार्मिक पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको छ । गुप्तेश्वर गुफामा यस अवधिमा दश प्रतिशतले आन्तरिक पर्यटनको बृद्धि भएको गुफा व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण बास्तोलाले जानकारी दिनुभयो । कोटिहोम अवधिमा उक्त पुण्य भूमिमा पण्डितवाट नृत्य हवन, बिभिन्न धार्मिक व्यक्तिबाट प्रवचन गर्नुका साथै पाँच सय २५ जनाको सामूहिक ब्रतवन्ध, १२० जनाले तुलादान, १३५ जनाको चौरासी पुजा, १४६ जनाको नवग्रह शान्ति, १४ जनाको काल सर्पयोग पुजन, अर्क विवाह पाँच, अष्टमहादान चार, पितृको अर्चना ३३, लघुरुद्री ५, अतिरुद्री १८, विवाह १, गुन्यो चोली ५ लाखवत्ती प्रज्ज्वलनलगायत ४५ जनाले विभिन्न पूजा सम्पन्न भएको मानव सेवा फाउन्डेसनका व्यवस्थापक विष्णु थापाले जानकारी दिनुभयो । कोटिहोममा भएको रक्तदान कार्यक्रममा आजसम्म ९०८ प्वइन्ट रगत संकलन भएको थियो । कोटिहोमका अवसरमा अन्नपूर्ण गाउँपालिका विष्णुमाया जैसीले तीन रोपनी, दुर्गादत्त उपाध्यायले पाँच रोपनी, मादी गाउँपालिकाका निलकण्ठ पौडेलले तीन रोपनी, नुवाकोटका पार्वती न्यौपानेले चार आना, स्याङ्जाका तारा रेग्मीले एक रोपनी, पोखरा धारापानीका गङ्गा केसीले दुई रोपनी समेतबाट कूल १७ रोपनी जग्गा दान प्राप्त भएको थियो । कोटिहोममा भागवत मञ्जरी राधिका दासी, अन्तर्राष्ट्रिय कथा वाचिका देवी प्रतिभा, पण्डित श्री अमृत शरणदेवाचार्य, दिनबन्धु पोखरेल, कान्छी वाचिका अनुराधा पाण्डे, पण्डित नारायण कृष्ण पाण्डे, चैतन्यकृष्ण महाराज, शितलकृष्ण महाराज, पुनव यादव, महामण्डलेश्वर कैलाशानन्द गिरीजी महाराज लगायतले प्रवचन दिनु भएको थियो । राष्ट्रिय भजन प्रतियोगिता

कोटिहोमका अवसरमा राष्ट्रिय भजन प्रतियोगिताको पनि आयोजना गरिएको थियो । प्रयोगितामा देवीस्थान भजन समूह पोखरा-२५ हेम्जा प्रथम, माछापुच्छ्रे सेवा समाज पोखरा-२५ हेम्जा द्वितीय, बालन एवम् कला संस्कृति संरक्षण प्रतिष्ठान पोखरा-१७ तृतीय, राधाकृष्ण भजन समूह सैनामैना र भद्रकाली खैँजडी भजन समूह सान्त्वना भएका छन् ।

प्रतियोगितामा प्रथम हुनेलाई तीन लाख ५५ हजार ५५५, द्वितीय हुनेलाई दुई लाख ५५ हजार ५५५, तृतीय हुने समूहलाई एक लाख ५५ हजार ५५५ तथा सान्त्वना हुने दुई जनालाई जनही ६५ हजार पुरस्कार प्रदान गरिएको छ । प्रतियोगितामा २५६ समूहको सहभागिता रहेको थियो ।

अन्तर माविस्तरीय वक्तृत्वकला प्रतियोगिता

सर्वाधिक राशिको वक्तित्वकला प्रतियोगितामा परमानन्द संस्कृत गुरुकुल देवघाट तनहुँका विशाल भण्डारी प्रथम भई नगद ५१ हजार १५१ र सम्मानपत्र प्राप्त गर्नुभयो । त्यस्तै पर्वत मोदीस्थित पशुपति आवासीय माविका सुवास पौडेल द्वितीय हुँदै नगद ४१ हजार १४१ र सम्मानपत्र, पोखरास्थित सैनिक आवासीय विद्यालयका समीर कार्की तृतीय हुँदै नगद ३१ हजार १३१ रुपैयाँ र सम्मानपत्र प्राप्त गरे । पुरस्कृत विद्यार्थीलाई महायज्ञका सङ्कल्पकर्ता बालयोगेश्वर श्री विजय कृष्णमूर्तिजी महाराजले नगद तथा सम्मानपत्र प्रदान गरेको प्रतियोगिता संयोजक संस्कृतिविद् डा तुलसी प्रभास खनालले जानकारी दिनुभयो । प्रतियोगितामा मुलुकका ८० जना छात्रछात्राको सहभागिता थियो । यसअघि पशुपतिनाथ क्षेत्रबाट सुरु भएको कोटिहोम पोखरा हुँदै मुलुकका छ प्रदेशमा सम्पन्न गरी पुनःपर्यटकीय नगरी पोखरामा २०८४ साल वैशाखमा गर्ने सङ्कल्पसहित सम्पन्न भएको हो ।

# स्याङ्जाका अस्पतालमा सर्पदंशको उपचार सुरु

पोखरापत्र संवाददाता
वालिङ, ५ असार

स्याङ्जाका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा सर्पदंशको उपचार हुने भएपछि बिरामीलाई सहज भएको छ । जिल्लास्थित अस्पतालमा सर्पदंश सेवा सुरु गरेसँगै सर्पले डसेमा उपचारका लागि पोखरा तथा पाल्पा जानुपर्ने बाध्यता हटेको हो ।

प्रदेश जनस्वास्थ्य कार्यालयले तालिमसहित चिकित्सक तथा उपकरणको व्यवस्थापन गरी सर्पदंश सेवा सुरु गरेको हो । स्याङ्जाका छ पालिकास्थित अस्पताल र दुई प्राथमिक स्वास्थ्य केन्द्र गरी आठ स्वास्थ्य संस्थामा सर्पदंशका बिरामीलाई उपचार सेवा दिइएको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख केशवप्रसाद चापागाँइले बताउनुभयो ।

जिल्लाका चापाकोट नगरपालिकास्थित चापाकोट नगर अस्पताल, वालिङस्थित गह्रौं प्राथमिक अस्पताल, गल्याङस्थित गल्याङ नगर अस्पताल र मालुङ्गा प्राथमिक स्वास्थ्य केन्द्र, भीरकोटस्थित भीरकोट नगर अस्पताल, पुतलीबजारस्थित स्याङ्जा जिल्ला अस्पताल, आँधीखोला गाउँपालिकास्थित सेतिदोभान अस्पताल र पञ्चमुल प्राथमिक स्वास्थ्य केन्द्रमा सर्पदंशको उपचार सेवा सञ्चालनमा रहेको उहाँले बताउनुभयो । “विषालु होस् वा विषरहित सर्पले डसेको होस् जे जस्तो भए पनि बिरामी उपचारका लागि पाल्पा वा पोखरा जाने चलन बढी छ”, उहाँले भन्नुभयो, “जिल्लामा भएका अस्पतालमा सर्पदंशको उपचार प्रभावकारी नभएपछि अन्यत्र जाने गरेता पनि अबका दिनमा जिल्लाभित्रैका अस्पतालमा विषालु र विषरहितको कस्तो सर्पले डसेको हो भन्ने पत्ता लगाएर उपचार गरिन्छ ।” तालिम प्राप्त स्वास्थ्यकर्मीले विषालु हो वा विषरहित सर्पको पहिचान गरी सोही अनुसारको उपचार गर्छन् । जिल्लाभित्र सर्पदंश उपचार सेवा अस्पतालमा सञ्चालन भएसँगै जटिलबाहेक सामान्य बिरामीको उपचार यहीँका स्वास्थ्य संस्थाहरूमा हुने भएपछि उपचारका लागि अन्यत्र जाने बिरामीको संख्या घट्दै गएको उहाँले बताउनुभयो । सर्पले डसेपछि जोखिम मोलेर घरमै नबस्न र एक पटक स्वास्थ्य संस्थामा गएर परामर्श तथा उपचार लिन पनि उहाँले सुझाव दिनुभएको छ । जिल्लामा वर्सेनि झण्डै २०० देखि २५० जनालाई सर्पले डस्ने गरेको तथ्याङ्क प्रदेश जनस्वास्थ्य कार्यालयको तथ्याङ्कमा उल्लेख छ । त्यसमध्ये धेरै जोखिम कालीगण्डकी नदीको किनारमा अवस्थित चापाकोट नगरपालिकामा रहेको छ । चापाकोटमा अन्य स्थानीय तहको तुलनामा सर्पले डसेका बिरामी धेरै हुने गरेकाले चापाकोट नगर अस्पतालमा सर्पदंश उपचार स्थापना गरिएको चापाकोका नगर प्रमुख देवबहादुर खाँणले जानकारी दिनुभयो । सर्पदंश उपचार केन्द्र सञ्चालनमा आएसँगै सर्पको डसाइबाट बिरामी भएका मानिसले समयमै उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य भएको बताउनुभयो । “सर्पले डस्नासाथै सामान्य उपचारका लागि पनि यहाँबाट अन्यत्र अस्पतालमा जानुपर्ने बाध्यता थियो”, उहाँले भन्नुभयो, “नगर अस्पतालमै सर्पदंश उपचार सेवा सञ्चालनमा आएपछि अन्यत्र जानुपर्ने बाध्यता हट्नुका साथै समय र आर्थिक बचत पनि हुने छ ।” स्याङ्जामै सबैभन्दा धेरै गर्मी हुने ठाउँको रूपमा चापाकोटसहितका कालीगण्डकी नदी किनारमा सर्पको डसाइ बढी हुने गरेको छ ।

चापाकोटमा सर्पदंश उपचार सेवा सञ्चालन भएसँगै छिमेकी जिल्ला तनहुँको दक्षिण पश्चिमी भेग, पूर्वी पाल्पा तथा नवलपुरको उत्तरी क्षेत्रका नागरिक लाभान्वित हुनेछन् । सर्पदंश उपचार केन्द्रमा आवश्यक सबै उपकरण जडान भइसकेको र उपचार सेवा सञ्चालन भएको चापाकोट नगर अस्पतालका डा अर्जुन पाण्डेले जानकारी दिनुभयो ।

# चैते धान थन्क्याउने चटारोमा किसान

पोखरापत्र संवाददाता
तनहुँ, ५ असार



जिल्लामा किसान चैते धानखेती भित्र्याउने चटारोमा रहेका छन् । दुई समयमा धानखेती नहुने स्थानमा वर्षे धान लगाउने कार्य सुरु भइसकेको छ । तर, तनहुँका अधिकांश फाँटमा धानखेती गरिन्छ ।

जिल्लाका अधिकांश पालिकामा धानखेती हुन्छ । जिल्लाका सिञ्चित क्षेत्रमा धानखेती गरिन्छ । व्यास नगरपालिका, भानु नगरपालिका, भिमाद नगरपालिका, शुक्लागण्डकी नगरपालिका, म्याग्दे गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, देवघाट गाउँपालिका, बन्दीपुर गाउँपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकामा धानखेती गरिन्छ । तर, भानु, व्यास, म्याग्दे र आँबुखैरेनीका अधिकांश फाँटमा चैते धानखेती हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लाका कुल नौ हजार ४६४ हेक्टर क्षेत्रफलमा धानखेती हुने भए पनि एक हजार ८०२ हेक्टर क्षेत्रफलमा चैते धानखेती हुँदै आएको केन्द्रले जनाएको छ । केन्द्रका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत किरण परियारले भन्नुभयो, “मनसुन सुरु भएसँगै चैते धानखेती थन्क्याउन किसान व्यस्त छन् । चैते धान थन्क्याउनासाथ असारे धान (वर्षे धान) रोप्ने चटारो हुन्छ । जिल्लाका चैते धानखेती हुने फाँटमा लगाइएका धान थन्क्याउन भ्याननभ्याई छ ।” मनसुन सुरु हुनासाथ वर्षेधान मात्रै हुने स्थानमा अहिले रोपाइँ सुरु भइसकेको उहाँले बताउनुभयो । तनहुँ धानखेती हुने पहाडी जिल्लाकै रूपमा पर्ने गरेको उहाँको भनाइ छ । अधिकृत परियारका अनुसार उक्त क्षेत्रफलमा गरिएको धानखेतीबाट आर्थिक वर्ष २०८०/८१ मा ३७ हजार ९४२ मेट्रिकटन धान उत्पादन भएको छ । त्यसमध्ये आठ हजार ७०४ मेट्रिकटन चैते धान उत्पादन भएको जनाएको छ । चैते धान प्रवर्द्धन कार्यक्रमले यसतर्फ किसान आकर्षित भएको ज्ञान केन्द्रले जनाएको छ । थन्क्याउने कार्य चलिरहेकाले चालु आर्थिक वर्षको तथ्याङ्क आउन बाँकी रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “सिँचाइ भएको क्षेत्रफल र केही क्षेत्रमा सिँचाइको व्यवस्थापन भएकाले उत्पादन वृद्धि हुने अपेक्षा गरिएको छ ।” भानुको चुँदीफाँट, खहरेफाँट, सतीघाटफाँट, व्यासको घाँसीकुवाफाँट, साँगेफाँट, कलेस्तीफाँट, माझफाँट, गजौडेफाँट, शिशाघाटफाँट, म्याग्देको गुणादीफाँट, थर्पुफाँट, पसलेफाँट, सेराफाँट र शुक्लागण्डकीको ढोरफिर्दीफाँट, भिमादको बुडुवाफाँटलगायतका विभिन्न पालिकाका फाँटमा धानखेती हुने गरेको छ । चैते धान विशेषगरी चिउरा उत्पादनका लागि उपयोग हुने गरेको ज्ञान केन्द्रले जनाएको छ ।

# रैथाने धान लगाउने किसानलाई प्रतिमुरी एकहजार अनुदान

पोखरापत्र संवाददाता
बागलुङ, ५ असार

‘हाइब्रिड’ बीउबिजनले कृषि क्षेत्रका पुराना जातहरू लोपजस्तै भएका छन् । रैथाने बाली संरक्षणका लागि थोरै मात्र कार्यक्रम आएका छन् । यसै सन्दर्भमा बागलुङ नगरपालिका-१३ बलेवाको पैयुँपाटाले रैथाने धान संरक्षण गर्ने किसानलाई अनुदान दिने भएको छ ।

किसानको उत्पादनको आधारमा वडाले अनुदान कार्यक्रम घोषणा गरेको हो । वडा कार्यसमितिले निर्णय गरेर रैथानेका लागि तोकिएका पाँच थरी धानको उत्पादनलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याएको हो । आगामी आर्थिक वर्षको बजेटबाट प्रतिमुरी रु एक/एक हजार अनुदान दिइने वडाध्यक्ष नारायण शर्मा पौडेलले बताउनुभयो ।

वडा समितिले रैथाने जातमध्येबाट अनादी, झिनुवा, रमनी, जर्नेली र आँगा जातको धान लगाउने किसानलाई वडाले अनुदान दिन लागेको हो । आगामी मङ्सिरमा किसानको खेतमै पुगेर धान भरेपछि नगद हातमा राख्ने गरी बजेट समेत विनियोजन गरिएको पौडेलले जानकार दिनुभयो । “तोकिएको धान लगाएका किसानले असार साउनमै सूचना दिनुहुन्छ, त्यसको रेकर्ड पनि वडाले राख्छ”, पौडेलले भन्नुभयो, “वडा समितिका पदाधिकारीकै उपस्थितिमा किसानको धान थन्क्याउने योजना पनि बनाइन्छ ।”

एकै दिन धेरै किसानको धान थन्क्याउने अवस्था आइपरेमा वडा समितिले टोल विकास समितिलाई पनि काममा खटाउन सक्नेछ । लोपोन्मुख धान भएकोले जोगाउन यो विधि र नीति लागू गर्न लागेको उहाँले बताउनुभयो । पहिलो चरणमा किसानलाई अनुदान दिन वडाले रु ५० हजार विनियोजन गरेको हो । यसअघि केही किसानले मात्रै परम्परागत धान उत्पादन गर्दै आएका छन् । हाइब्रिडले रैथानेको बीउ मासिन सक्ने अवस्था आएपछि संरक्षणका लागि पनि यो निर्णयमा वडा समिति पुगेको हो । यो निर्णयलाई नगरपालिकाले पनि गज्जबको भएको बताएको छ । “उत्पादन पनि बढाउने, रैथाने बाली पनि जोगाउने व्यवस्थामा साथ दिनुपर्छ”, नगरप्रमुख वसन्तकुमार श्रेष्ठले भन्नुभयो, “कृषि पेसा गरेको किसान खुसी बन्ने वातावरण बनाउने प्रयासमा छौं ।” धेरै उत्पादन गरेका किसानको धान नगरपालिकाले पनि बजारीकरणमा साथ दिने उहाँले बताउनुभयो । वडा नं १३ ले १४० घरधुरी रहेको मुसुराबारीको दलित बस्तीमा प्रतिघर न्यूनतम पाँच वटा सुन्तला र कागतीको बिरुवा लगाउनेलाई सहयोग पनि गरेको छ । चालु वर्षको ५० हजार रकमले बिरुवा किनेर किसानलाई दिएको हो । वडाले गत वर्षदेखिनै रसायनिक मल ढुवानीमा प्रतिकेजी रु दुई अनुदान दिँदै आएको छ ।

पशुपन्छीको औषधि निःशुल्क वितरण, ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई नगर अस्पतालमा निःशुल्क औषधि उपचारको व्यवस्था पनि गराएको हो । यसबाहेक गर्भवतीले गर्भजाँच गर्न आउँदा हरेक पटक एक/एक क्रेट अण्डा समेत दिने व्यवस्था गराएको छ । वडाले पोषणमैत्री कार्यक्रम सञ्चालनमा ल्याएको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. १४ देउराली टोलमा पार्क निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**
**योजनाको नाम : देउराली टोलमा पार्क निर्माण**
**उपभोक्ता समितिको नाम : देउराली टोलमा पार्क निर्माण उपभोक्ता समिति, पोखरा-१४, कास्की**
**योजना सम्झौता मिति : २०८२/०१/११ गते**
**योजना सुरु मिति : २०८२/०२/०१ गते**
**योजना सम्पन्न भएको मिति : २०८२/०३/०३ गते**
**महानगरपालिकाबाट प्राप्त : ५,००,०००/-**
**जनसहभागिता : ५५,८००/१८**
**योजनाको कुल लागत : ५,५५,८००/१८**

**भुपध्वज पोखरेल**
अध्यक्ष
**देउराली टोलमा पार्क निर्माण उपभोक्ता समिति,**
पोखरा-१४, कास्की



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ मा मिलीजुली विजयपुर तमु समाज संग्राहलय(पूर्वाधार भवन) निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः मिलीजुली विजयपुर तमु समाज संग्राहालय (पूर्वाधार भवन) निर्माण योजना
ठेगानाः जयगंगामार्ग, पोखरा-१३
योजना सम्झौता मितिः २०८१/११/१८ गते
योजना शुरु मितिः २०८१/११/१९ गते
योजना सम्पन्न हुने मितिः २०८२/०२/३१ गते
योजना सम्पन्न भएको मितिः २०८२/०२/३० गते
योजनाको कुल लागतः रु.४,७८,६२४.७८
महानगरपालिकाबाटः रु. ४,००,०००|-
जनसहभागिताबाटः रु.७८,६२४.७८
अध्यक्षः इन्स्पेक्टर मानकाजी गुरुङ सम्पर्क नं.: ९८४६०३३०७१
उपाध्यक्षः बालकुमारी गुरुङ, सचिवः चिनबहादुर गुरुङ
कोषाध्यक्षः सु.यरबहादुर गुरुङ, सदस्यहरुः तिलकुमारी गुरुङ, हुमादेवी गुरुङ, लोकबहादुर गुरुङ, क्या.देउबहादुर गुरुङ, अरुण गुरुङ अनुगमन समिति संयोजकः इन्जिनियर सुब्बा गुरुङ
सदस्यः ना.सु. खड्कबहादुर गुरुङ, शाहवीर गुरुङ
निर्माण समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**मिलीजुली विजयपुर तमु समाज उपभोक्ता समिति**
**जयगंगा मार्ग, पोखरा-१३, कास्की**